## नेपाल सरकार
## सिंचाइ मन्त्रालयको सूचना
## सिंचाइ (दोस्रो संशोधन) नियमावली, २०७१

सिंचाइ नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, जलश्रोत ऐन, २०४९ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "सिंचाइ (दोस्रो संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सिंचाइ नियमावली, २०५६ को नियम २ मा संशोधन** : सिंचाइ नियमावली, २०५६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ट) पछि देहायका खण्ड (ठ), (ड), (ढ), (ण), (त), (थ), (द), (ध), (न) र (प) थपिएका छन् :-

"(ठ) "सिंचाइ प्रणाली" भन्नाले सिंचाइ प्रयोजनका लागि बनेको संरचना र सिंचाइ क्षेत्र सहितको सम्पूर्ण एकाइ सम्झनु पर्छ ।

(ड) "बृहत सिंचाइ आयोजना" भन्नाले पहाडी भेगको हकमा एक हजार हेक्टर भन्दा बढी र तराई मधेस तथा भित्री मधेसको हकमा पाँच हजार हेक्टर भन्दा बढी सिंचाइ क्षेत्र भएको आयोजना सम्झनु पर्छ ।

(ढ) "ठूला सिंचाइ आयोजना" भन्नाले पहाडी भेगको हकमा पाँच सयदेखि एक हजार हेक्टरसम्म र तराई मधेस तथा भित्री मधेसको हकमा दुई हजारदेखि पाँच हजार हेक्टरसम्म सिंचाइ क्षेत्र भएको आयोजना सम्झनु पर्छ ।

(ण) "बहुउद्देश्यीय सिंचाइ आयोजना" भन्नाले सिंचाइ सेवा पुर्‍याउनुको साथै बाढी नियन्त्रण वा पानीको अन्य उपयोग सम्बन्धी काम समेत समावेश रहेको आयोजना सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(त) "मझौला सिंचाइ आयोजना" भन्नाले पहाडी क्षेत्रको हकमा दशदेखि पाँच सय हेक्टरसम्म र तराई मधेस तथा भित्री मधेसको हकमा एक सयदेखि दुई हजार हेक्टरसम्म सिंचाइ क्षेत्र भएको आयोजना सम्झनु पर्छ ।

(थ) "साना सिंचाइ आयोजना" भन्नाले पहाडी क्षेत्रको हकमा दश हेक्टरसम्म र तराई मधेस तथा भित्री मधेसको हकमा एक सय हेक्टरसम्म सिंचाइ क्षेत्र भएको आयोजना सम्झनु पर्छ।

(द) "परम्परागत सिंचाइ प्रणाली" भन्नाले नदी, खोला तथा पानीका स्रोतमा बाँध बनाई सिंचाइ गर्ने तथा ट्युववेलको माध्यमद्वारा भूमिगत पानी प्रयोग हुने सिंचाइ प्रणाली सम्झनु पर्छ ।

(ध) "नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणाली" भन्नाले सिंचाइको प्रयोजनार्थ पानी सङ्कलन, प्रवाहीकरण, भण्डारण, वितरण तथा प्रयोगमध्ये केही वा सबै कार्यमा परम्परागत सिंचाइ प्रणाली भन्दा भिन्न प्रविधि प्रयोग हुने सिंचाइ प्रणाली सम्झनु पर्छ ।

(न) "लिफ्ट सिंचाइ प्रणाली" भन्नाले सिंचाइ गर्नुपर्ने क्षेत्र भन्दा कम उचाइमा रहेको पानीको स्रोतबाट विद्युतीय वा अन्य उर्जाको उपयोग गरी सिंचाइ गर्नुपर्ने क्षेत्रमा पानी पुऱ्याउने सिंचाइ प्रणाली सम्झनु पर्छ ।

(प) "भूमिगत जल सिंचाई प्रणाली" भन्नाले डीप ट्युववेल, स्यालो ट्युववेल, इनार आदिको माध्यमद्वारा भूमिगत पानी प्रयोग गर्ने सिंचाइ प्रणाली सम्झनु पर्छ ।

३. **मूल नियमावलीको नियम ३१ मा संशोधन** : मूल नियमावलीको नियम ३१ को उपनियम (२) को खण्ड (क) मा रहेका "जलस्रोत मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सिंचाइ मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४. **मूल नियमावलीको नियम ४२ मा संशोधन** : मूल नियमावलीको नियम ४२ को,-

(१) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणाली र भूमिगत जल सिंचाइ प्रणाली बाहेकका अन्य मझौला सिंचाइ आयोजना तथा साना सिंचाइ आयोजनाको नयाँ निर्माण तथा सुदृढीकरणको लागि उपभोक्ताको लगानीको अंश परियोजनाको लागतको पन्ध्र प्रतिशतभन्दा बढी र तीन प्रतिशत भन्दा कम हुने छैन ।

तर खडेरी, बाढी, पहिरो, अनिकाल जस्ता अप्रत्यासित प्राकृतिक प्रकोपहरुको प्रभाव कम गर्न त्यस्ता क्षेत्रहरुमा सरकारको तर्फबाट सम्पूर्ण लगानी गरी तत्काल सिंचाइका विशेष कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।"

५. **मूल नियमावलीको अनुसूची-४ मा संशोधन** : मूल नियमावलीको अनुसूची-४ को सट्टा देहायको अनुसूची-४ राखिएको छ :-





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

"अनुसूची-४

(नियम ४२ को उपनियम (१) सँग सम्बन्धित)

## उपभोक्ताले व्यहोर्नु पर्ने अंशको तालिका

१. बृहत सिंचाइ आयोजना/ठूला सिंचाइ आयोजना/बहुउद्देश्यीय सिंचाइ आयोजना/मझौला सिंचाइ आयोजना र साना सिंचाइ आयोजना

| सिंचाइ आयोजनाको किसिम | मुहानको काममा लागतको प्रतिशत | मूल नहरको काममा लागतको प्रतिशत | शाखा/उपशाखा/प्रशाखा नहरमा लागतको प्रतिशत | कुलोमा लागतको प्रतिशत |
|---|---|---|---|---|
| (क) आयोजना नयाँ निर्माण | | | | |
| ठूला सिंचाइ आयोजना/बृहत सिंचाइ आयोजना/बहुउद्देश्यीय सिंचाइ आयोजना | ० | ० | ० | ३ |
| मझौला सिंचाइ आयोजना | ० | ० | ३ | ५ |
| साना सिंचाइ आयोजना | ५ | | | |
| (ख) आयोजना सुदृढीकरण | | | | |
| ठूला सिंचाइ आयोजना/बृहत सिंचाइ आयोजना/बहुउद्देश्यीय सिंचाइ आयोजना | ० | ० | ३ | ५ |
| मझौला सिंचाइ आयोजना | ० | ० | ५ | ७ |
| साना सिंचाइ आयोजना | ७ | | | |
| मर्मत सम्भार (AMIS, FMIS) | १० | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणाली

| सिंचाइ प्रणालीको किसिम | मुहानको काममा लागतको प्रतिशत | मूल प्रवाहक/स्टोरेज टेंक/मेन पाइपको काममा लागतको प्रतिशत | वितरण प्रणाली/स्प्रीङ्कलर/ड्रीप पाइपको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणाली तथा माइको इरिगेशन | ० | ५ | २५ |

३. भूमिगत सिंचाइ प्रणाली

| सिंचाइ प्रणालीको किसिम | ट्युववेल, पम्प र पम्प हाउसको काममा लागतको प्रतिशत | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| (क) आयोजना नयाँ निर्माण | | | |
| डीप ट्युववेल | ३ | ५ | ० |
| स्यालो ट्युववेल | ५ (ट्युववेल जडानमा) | १०० (पम्प तथा वितरण प्रणालीको काममा) | ० |
| (ख) आयोजना सुदृढीकरण | | | |
| डीप ट्युववेल | ५ | २० | ० |

४. लिफ्ट सिंचाइ प्रणाली/बैकल्पिक उर्जा सिंचाइ प्रणाली

| सिंचाइ प्रणालीको किसिम | सम्पवेल र पम्प हाउस को काममा लागतको प्रतिशत | मूल नहर/मेनपाइप/स्टोरेज टैंक | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|---|
| (क) आयोजना नयाँ निर्माण | | | | |
| ठूला सिंचाइ | ० | ० | १० | ० |





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।